## सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

**सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित**

**खण्ड २, संख्या १८**

**पौष ०३ गते २०७५ साल**


# भाग २

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि २०७५

गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०७५/०९/०२

प्रमाणीकरण मिति : २०७५/०९/०२

१. **परिचय** :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता, र अनुभवको सदुपयोग गरि निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरि नेपालको संविधानको अनुसूचि-८ को क्र.सं. १६ कार्यान्वयन गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम सुनकोशी गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७५/०९/०२ गतेको बैठकबाट पारित गरि यो कार्यविधि लागु गरिएको छ।

२. **परिचय-पत्र वितरणका आधार** :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचपय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिच-यपत्र वितरणको आधार हुनेछ।

३. **उद्देश्य** :

(क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखिनै ज्येष्ठ नागरिकहरुको लगत राख्ने,

(ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकहरुको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धामिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकहरुलाई आवश्यक सेवा सुविधा स सहयोग सरल रुपमा प्रदान गर्ने,

(ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुयोग गरी विकास पक्रियामा सहभागी गराउने,

४. **लक्षित वर्ग** :

ज्येष्ठ नागरिक ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु।

५. **ज्येष्ठ नागरिकको वर्गीकरण** :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा नगरेको वरिष्ठ ज्येष्ठ नागरिक,
(ग) असहाय ज्येष्ठ नागरिक,
(घ) अशक्त ज्येष्ठ नागरिक,
(ङ) एकल ज्येष्ठ नागरिक।

**६. परिचय–पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ।

**७. ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हनेछ। ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (क्षशभ) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ।

**८. परिचय–पत्र वितरण प्रक्रिया :**

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धीत स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ। यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिने छ।

(ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी गा.पा.को कार्यलयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बनधीत मन्त्रालयमा जानकारी गराउन प्रनेछ।

(ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धीत प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धीत स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ।

**९. गाउँपालिका स्तरीय ज्येष्ठ नागरीक कल्याण समिति :**

ज्येष्ठ नागरिकहरुको हेरविचार, स्यहार सम्भार तथा सामाजिक सुरक्षा गर्नको लागि सुनकोशी गाउँपालिकाले देहाय बमोजिमको एक स्तरीय ज्येष्ठ नागरीक कल्याण समिमि रहने छ :

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकिएको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| (ग) | गाउँपालिका भित्रका वडा अध्यक्षहरु मध्येबाट गाउँपालिका स्तरीय ज्येष्ठ नागरीक कल्याण समितिले मनोनयन गरेको एकजना प्रतिनिधि | सदस्य |
| (घ) | स्वास्थ्य शाखाका प्रमुख - | सदस्य |
| (ङ) | ज्येष्ठ नागरीक सम्बन्धी काम गर्ने गाउँपालिकास्थित संघसंस्था मध्येबाट गाउँपालिका स्तरीय ज्येष्ठ नागरीक कल्याण समितिले मनोनयन गरेको दुईजना प्रतिनिधि | सदस्य |
| (च) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

**१०. सुनकोशी गाउँलिका स्तरीय ज्येष्ठ नागरीक कल्याण समितिको काम, कर्तव्य र अधिकार :** गाउँपालिका स्तरीय ज्येष्ठ नागरीक कल्याण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) गाउँपालिका भित्रका ज्येष्ठ नागरीकको लगत संकलन गर्ने,अभिलेख राख्ने र लगत तथा अभिलेखको अद्यावधिक गर्ने ।

(ख) गाउँपालिका भित्रका ज्येष्ठ नागरीकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रम तयार गरी कार्यक्रम संञ्चालन गर्ने ।

(ग) नेपाल सरकारबाट स्वीकृत ज्येष्ठ नागरीकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी निति, योजना तथा कार्यक्रम बमोजिम गाउँपालिका स्तरीय कार्यक्रम कार्यन्वयन तथा अनुगमन गर्ने ।

(घ) गाउँपालिका भित्रका स्थापना भई सञ्चालनमा रहेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र ज्येष्ठ नागरीकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी काम गर्ने तथा अन्य संघसंस्थाको काम कारवाहीको अनुगमन गर्ने ।

(ङ) ज्येष्ठ नागरीकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी कार्य गर्न स्थानीय सामुदायीक संस्थालाई परिचालन गराउने ।

(च) ज्येष्ठ नागरीक सम्बन्धी ऐन, २०६३ (संशोधन ऐन २०७२) को दफा २४ बमोजिम ज्येष्ठ नागरीकले पाउने भत्ता वा सुविधा वितरण गर्न व्यवस्था मिलाउने ।

(छ) तोकिए बमोजिम अन्य काम गर्ने ।

११. **विविध** :

(क) ज्येष्ठ नागरीक परिचय-पत्र वितरणका लागि सम्बन्धीत स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

(ख) ज्येष्ठ नागरीक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानूनको अधिनमा रहि कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ।

# सुनकोशी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली
३ नं प्रदेश, नेपाल

फोटो

प.प.नं.:...

**बरिष्ठ/अशक्त/असहाय/एकल ज्येष्ठ नागरी परिचय पत्र**

नाम, थरः ..........................................................................................................

ना.प्र.नं. : ..........................................................................................................

ठेगाना : सिन्धुली जिल्ला सुनकोशी गाउँपालिका वडा नं.: .............. गाउँ/टोलः ..........................

जन्म मिति : .................................. उमेर :....................... लिङ्ग ..................................

उपलब्ध सुविधाहरु : ..........................................................................................

पति/पत्नीको नाम : ..........................................................................................

हेरचाह केन्द्रमा राखेको भए सो को विवरण : ..........................................................

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम, थर, सम्पर्क ठेगाना : ..........................................................
..........................................................................................................................

संरक्षकको नाम, थर, सम्पर्क नम्बर : ..........................................................
..........................................................................................................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम : ..................................
..........................................................................................................................

प्रमाणित गर्ने अधिकृतको
दस्तखतः
नाम, थरः
पदः
मितिः
कार्यालयः सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामटार सिन्धुली

कार्यालयको छाप

अनुसुची-२

ज्येष्ठ नागरिक परिचय - पत्रको अभिलेख विवरण

| क्र.सं. | नामथर | गाउँ/टोल | जन्म मिति | नागरिकता | | | परिचय पत्रको किसिम | जातजाती | | | परिचय पत्र जारी मिति | लिङ्ग | संरक्षकको नामथर | संरक्षक सँगको नाता | परिचय पत्र बुझ्नेको दस्तखत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नम्बर | जारी जिल्ला | जारी मिति | | दलित | जनजाती | अन्य | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसुची-३

निवेदनको ढाँचा

मिति :

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
सुनकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रामटार, सिन्धुली ।

**विषय : बरिष्ठ/ज्येष्ठ/अशक्त/असाहय/एकल ज्येष्ठ नागरिक परिचय पत्र पाउँ ।**

निवेदक
दस्तखत :
नाम थर :
उमेर :
जन्म मिति :
लिङ्ग :
जिल्ला :
न.पा./गा.पा. :
वडा :
टोल :
संरक्षकको नाम :
नाता :
नागरिकता नं. :
जारी मिति र जिल्ला :
पति पत्निको नाम :
सम्पर्क मो. नं. :
संलग्न कागजातहरु :

- नागरिकताको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- १ प्रति अटो साइजको फोटो

आज्ञाले,
विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत

**सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा मुद्रित**

**मुल्यः रु ५/-**